# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाथिभरा याङवरक गाउँपालिका
## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाथिभरा याङवरक गाउँपालिका

## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाथिभरा याङवरक गाउँपालिका

## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ११८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
पाथिभरा याङवरक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ११ लाख ८६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ११ लाख ८६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई यो वर्षको लगती वेरुजू बाँकी रहेको छैन । यस गाउँपालिकाको गतवर्ष सम्म रु.३ करोड ३९ लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष रु.९५ लाख ६९ हजार संपरीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड ४३ लाख ९३ हजार

रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुन वमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौ ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

पाथिभरा याङवरक गाउँपालिका,

ताप्लेजुङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४८ | ३३ | १११८६ | ०.० | ३३ | १११८६ | ४८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ३३९६३ | ० | ९५६९ | २४३९४ | ० | ० | २४३९४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | १७ | प्रमाण पेश | ६०५१३६.०० |
| २ | २०७९।८० | २० | प्रमाण पेश | ५४७७३५.०० |
| ३ | २०७९।८० | २१ | प्रमाण पेश | ६४०००.०० |
| ४ | २०७९।८० | २५ | असूल भएको | ३१५५.०० |
| ५ | २०७९।८० | २८ | असूल भएको | ७८०००.०० |
| ६ | २०७९।८० | ३१ | प्रमाण पेश | १४२४१२३.०० |
| ७ | २०७९।८० | ३२ | प्रमाण पेश | २५१२६००.०० |
| ८ | २०७९।८० | ३३ | प्रमाण पेश | ६५९२२५.०० |
| ९ | २०७९।८० | ३४ | नियमित भएको प्रमाण पेश | ९६८४.०० |
| १० | २०७९।८० | ३६ | प्रमाण पेश | ५००००.०० |
| ११ | २०७९।८० | ३७ | प्रमाण पेश | ६७२०००.०० |
| १२ | २०७९।८० | ३९ | असूल भएको | १४०८०.०० |
| १३ | २०७९।८० | ४१ | प्रमाण पेश | १७२७९७१.०० |
| १४ | २०७९।८० | ५२ | असूल भएको | ३३०६७.०० |
| १५ | २०७९।८० | ५४ | प्रमाण पेश | ६८६८५०.०० |
| १६ | २०७९।८० | ५५.१ | असूल भएको | ६५००००.०० |
| १७ | २०७९।८० | ५५.२ | प्रमाण पेश | ८५००००.०० |
| १८ | २०७९।८० | ५७ | नियमित भएको प्रमाण पेश | ५९८०००.०० |
| | चालु वर्षको जम्माः | | | **१११८५६२६.००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७८।७९ | ८.३ | नियमित भएको प्रमाण पेश | १५५०५२०.०० |
| २ | २०७८।७९ | २२ | नियमित भएको प्रमाण पेश | ३०४८५००.०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०७८।७९ | २७ | प्रमाण पेश | ३९६०१९.०० |
| ४ | २०७८।७९ | ३४ | प्रमाण पेश | ५८६१२४.०० |
| ५ | २०७८।७९ | ३६ | प्रमाण पेश | ५८०२७.२३ |
| ६ | २०७८।७९ | ३८ | असूल भएको | २१४७१५.०० |
| ७ | २०७८।७९ | ४० | असूल भएको | १६२७५१०.१२ |
| ८ | २०७८।७९ | ४६ | असूल भएको | ७२०२२.५२ |
| ९ | २०७८।७९ | ४७ | असूल भएको | १८२४१३६.३४ |
| १० | २०७७।७८ | १५ | नियमित भएको प्रमाण पेश | १३६४४५.०० |
| ११ | २०७७।७८ | १९ | असूल भएको | ७३४०.०० |
| १२ | २०७७।७८ | ५४ | प्रमाण पेश | ४८०००.०० |
| | गत विगतको जम्माः | | | **९५६९३५९.२१** |
| | कुल जम्माः | | | **२०७५४९८५.२१** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## १ पाथिभरा याङवरक गाउँपालिकाको परिचय

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पाथीभरा याङवरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । पाथीभरा याङवरक गाँउपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ९२.७६ वर्ग किलोमिटर क्षेत्रफल तथा ११८०६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३० देखि २०८०।६।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय - व्ययतर्फ रु.४९,०९,१३,८४३।८५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६,६४,४१६। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | ५ नः वडा कार्यालय भवन निर्माणका ठेक्दार आगेजुङ्ग कन्स्ट्रक्सन प्रा.लि.काठमाण्डौलाई वढी भुक्तानी भएको रकम असूल | १६६२५९.०० |
| २ | फावाखोला पक्की पुल निर्माणको अन्तिम विल भुक्तानीमा थेवे एस.ए.एस जे.भी.लाई वढी भुक्तानी भएको रकम असूल | १८५७२७.०० |
| ३ | तोकिएको समयमा काम सम्पन्न नभएको फाक्से कार्तिके खानेपानी आयोजनाको ठेकेदार GUP Pvt.ltd. काठमाण्डौबाट पूर्वनिर्धारित क्षतिपूर्ति असूल | २७११९९.०० |
| ४ | कुम्भकर्ण आ वि भवन निर्माणमा प्लास्टर कार्यमा ओ.पि.सि. सिमेन्ट राखेर दर विश्लेशण गरी वढी भुक्तानी भएको रकम असूल | १७३३०.०० |
| ५ | स्वास्थ्यकर्मीहरुको खाजा वापत भुक्तानी भएको रकममा कर कट्टि नगरेको कर दाखिला भएको | १०४४०.०० |
| ६ | वढी भुक्तानी भएको रकम असूल गरी दाखिला | १३४६०.०० |
|  | **जम्माः** | **६६४४१६.००** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ बित्तिय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७२ लाख ३८ हजार, यस वर्षको प्राप्ति रु.१० करोड ५६ लाख २३ हजार, यस वर्षको भुक्तानी रु.९ करोड १३ लाख ३३ हजार र बैङ्क मौज्दात रु.७० लाख ५२ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ती | यस वर्षको भुक्तानी | वैंक मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १११२२९४१५.४३ | ३८५२९०८४०.४१ | ४०४८८९४३५.३८ | ९१६३०८२०.४६ |
| एकीकृत आर्थिक विवरणअनुसार | १०३९९१७४६.९३ | ४९०९१३८४३.८५ | ४९६२२२१८०.०७ | ९८६८३४१०.७१ |
| फरक | ७२३७६६८.५० | १०५६२३००३.४४ | ९१३३२७४४.६९ | ७०५२५९०.२५ |

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१० करोड ३९ लाख ८० हजार मौज्दात रहेकोमा यो वर्ष रु.१० करोड ३९ लाख ९२ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.११ हजार ७००। वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **वित्तिय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ७७ लाख ३५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन, जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको,दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा गरेकोमा सोलाई पूर्णता नदिएको,सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको , गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवारी सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९९(१ ) अनुसारको प्रतिवेदन नगरेको तथा म्याद सकिएका औषधि तथा उपकरणहरु समयमा आवस्यक कारवाहि गरि जिन्सी अभिलेख चुस्त र दुरुस्त नवनाएको लगायतका व्यहोरा लेखापरीक्षणाको क्रममा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **सेवा प्रवाह -** कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ११९२, नागरिक्ता सिफारिस ४८० घरबाटो सिफारिस १९६, नाता प्रमाणित १९२ र अन्य सिफारिस २०११ संख्यामा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययि, गुणस्तरीय एवं प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| | योजना संख्या | २२२ | ७ | ६६ | १४९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्येनमुना कक्षाकोठा व्यवस्थापन, दशवर्षे शैक्षिक गुरुयोजना निर्माण, वडास्तरिय खेलकुद पूर्वाधार लगायतका योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९०८० | १६७७९ | ४.२९ |
| २ | पूर्वाधार विकास | १७६९२५ | १०७२०४ | २७.४४ |
| ३ | सामाजिक विकास | २३८५२६ | १९९६१० | ५१.०९ |
| ४ | बातावरण तथा विकास | ३५०० | ३५०० | ०.९० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०४४२ | ९५२४ | २.४४ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८१०१७ | ५४०६८ | १३.८४ |
| **जम्मा** | | **५२९४९०** | **३९०६८५** | **१००.००** |

सैद्धान्तिक बेरुजु

७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अनुदान सहयोग -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले स्वीकृत कार्यक्रमभित्र राखेर देहाय संघ सस्थालाई विल भरपाईका आधारमा विभिन्न कार्यक्रम सञ्चालन गर्न अनुदान तथा सहयोग उपलब्ध गराउने गरेको छ । यस्ता खर्चहरु नियन्त्रण हुनु पर्दछ ।

| सि नं | गो भौ नं | संघ संस्था | विवरण | भुक्तानी रकम रु |
|---|---|---|---|---|
| १ | ७२।०७९।९।२५ | फ्रेन्डस क्लब थुम्वेदिन | फुटवल आयोजना गर्न | १५००००।०० |
| २ | ७३।०७९।९।२६ | सनलाइट युनाइटेड युथ क्लब थेचम्बु | खुल्ला पुरुष फुटबल | ४०००००।०० |
| ३ | २९२।०८०।२।५ | खेलकुद बिकास समिति थेचम्बु | फुटबल भलिभल खेलकुद | २०००००।०० |
| ४ | ३७६।०८०।२।५ | थुम्बेदिन युनाइटेड युवा क्लब | भलिबल खेलकुद | १५००००।०० |

सैद्धान्तिक बेरुजु

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोतमा, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।विगतमा पालिकाले पालिकाको बृत चित्र तयार गरेको भएता पनि यो बर्ष पालिकाले आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गरि पालिकाको प्रोफाईल तयार गर्ने सम्वन्धमा कुनै कार्यक्रम सन्चालन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख अध्यावधिक रुपमा तयार गरि सोही अनुसार मात्र योजना निर्माण र कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन -** पालिकाले वार्षिक रुपमा लिएका नीति तथा घोषित कार्यक्रमहरु सोही आर्थिक वर्षमा कार्यान्वयन हुनु पर्दछ । आ व २०७९।०८० को लागि यस पालिकाको स्थानीय सभावाट पारित भएको नीति तथा कार्यक्रम मध्ये धेरै जसो नीति तथा कार्यक्रम कार्यान्वयनमा आएता कृषि तर्फ माटो परीक्षणकोलागि पालिकामा मिनि ल्याव स्थापना गर्ने, शिक्षा तर्फ नमुना सिकाईकोलागि नमुना कक्षा कोठा व्यवस्थापन र १० बर्षे शैक्षिक गुरु योजना निर्माण गर्ने, युवा तथा खेलकुद तर्फ गाँउपालिका

तथा वडा स्तरीय खेलकुद विकास समिति निर्माण,पूर्वाधार विकास तर्फ विशेष अवस्था बाहेक रु १५ लाख भन्दा बढी लागतका आयोजनाहरु ठेक्का मार्फत सन्चालन गर्ने तथा रु. ५ लाख भन्दा कमका आयोजना मर्मत संभार कोषवाट मात्र सन्चालन गर्ने र पालिकामा आगामि ५ बर्ष भित्र सन्चालन गरिने आयोजनाको आयोजना बैक तयार गर्ने, त्यसैगरी महिला वालवालिका तथा शारिरीक असक्तता भएका व्यक्ति तथा सामाजिक समावेशीकरण तर्फ सरोकारवालालाई विभिन्न कार्यक्रमको पहिचान गरि कार्यविधि वनाई कार्यान्वयन गर्ने लैङ्गीक हिंसा निवारण र वाल कल्याण कोषको प्रभावकारी रुपमा सन्चालन गर्ने, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ प्रकोप व्यवस्थापन कार्यविधिलाई परिमार्जन गरिने नीति तथा कार्यक्रमरहेकोमा परीक्षणको क्रममा उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर देखिएकोले कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमको घोषणा र कार्यान्वयनमा पालिकाको ध्यानाकर्षण हुनु पर्ने दखियो ।

सैद्धान्तिक बेरुजु

११ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका कार्यालयमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ ।

(रु. हजारमा)

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | भवन<br>जग्गा | भवन ५ वटा<br>जग्गा ३२ कित्ता | अध्यावधिक नगरेको | वडा कार्यालयको भवन तथा जग्गाको आम्दानी नवाँधेको र जग्गाको मूल्य नखुलाएको । |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | २२ | ८१ लाख ५५ हजार | प्रयोगमा |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | एलईडी डिस्प्ले २, | रु ३ लाख १६हजार | प्रयोगमा |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | ० | ० | ० | नभएको |
| अतिक्रमणमा परेको जग्गा | विभिन्न | नभएको | नभएको | मौखिक |
| अतिक्रमण हटाउन गरेको प्रयास | विभिन्न | नभएको | नभएको | मौखिक |

पालिकाले प्रिन्टर, ल्यापटप , फर्निचर र्‍याक लगायतका माल समानको उचित मर्मत सभार गरि प्रयोगमा ल्याउनु पर्नेमा कम्प्युटर, फर्निचर लगायतका समान खरिद गरि रहेको समेत देखिएकोले कार्यालयले आवस्यकता र मितव्ययीतालाई प्राथमिकतामा राखेको देखिएन । यस तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ , ९६ ११० बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने र उपभोग नहुने प्रमाणीत भएमा नस्ट गर्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई२०८०।५।३ मा प्रतिवेदन लिएता पनि प्रतिवेदनमा औंल्याएका लिलाम मिन्हाका व्यहोरामा उल्लेख भएका व्यहोरामा कारवाहि गरेको छैन। पालिकाको वडा नं ५ को भाडामा रहेको कार्यालय भवनमा २०७९।३।५ मा बिद्युत सर्किट भई आगालागि हुंदा त्यहाँ रहेका रु४ लाख ३ हजारका फर्निचर तथा अन्य उपकरण र श्रेस्ताहरु जलेर नस्ट भएकोमा हालसम्म मिन्हाको कारवाहि भएको देखिएन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था अध्यावधिक देखिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी ,मिन्हा लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **कानून निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, १८ कार्यविधि ३ निर्देशिका २ नर्म्स लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले हालसम्म ४६ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी कुनै विवाद नरहेको र यो वर्ष मात्र ३ दर्ता भएकोमा ३ वटै फस्र्यौट भई सकेको पाईयो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने कार्यलाई निरन्तरता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **संगठन व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना

कायम हुने व्यवस्था रहेको छ । यस पालिकाले पालिका र वडाहरुमा रहने दरवन्दी सहित ५४ दरवन्दी स्वीकृत गरेको छ । पालिकाले पेश गरेको विवरण अनुसार २७ पद स्थायी पूर्ति भएको १५ पदमा करार नियुक्ति र बाकि बिभिन्न १२ पद रिक्त रहेका छन । यसरी पालिकाका महत्वपूर्ण पदहरु लामो समयसम्म रिक्त रहदा सेवा प्रवाहमा समेत असर पर्ने भएकोले समयमै पदपूर्ति गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **नामनामेसी नखुलेको धरौटी**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२६ को निर्णयबाट रु.६०५१३६।- सम्परीक्षण गरिएको ।)***

१८ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम मोविलाईजेशन पेश्की वापत योजनाले देहायका निर्माण व्यवसायीलाई रु.१५३४१०००। पेश्की उपलव्ध गराएकोमा आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम फर्स्योंट गर्नु पर्दछ ।

| सि.नं. | पेश्की लिने व्यक्ति वा फर्मको नाम | विवरण | रकम | समय अवधि |
|---|---|---|---|---|
| १ | थेबे निर्माण सेवा | प्रशासकिय भवन निर्माण | ४५८०००० | म्याद ननाघेको |
| २ | शंकर त्रिशक्ति निर्माण सेवा प्रा. लि . | वडा नं २ र ४ जोड्ने फावाखोला मोटरेवल पुल निर्माण(DPR समेत ) | १०००००००० | म्याद ननाघेको |
| ३ | अमर निर्माण सेवा | येमासेन तारेभिर केरावारी सुनुवार गोलाई सिम्बेवा थुम्मे तिरिङ्गे सडक खण्डको स्तर उन्नती | ७६१००० | म्याद ननाघेको |
| | | **जम्मा रु.** | १५३४१००० | |

सैद्धान्तिक बेरुजु

१९ **राजस्व बाँडफाँट -** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले यो वर्ष निम्नानुसार रकम असुल गरि बाँडफाँड गरेको भएता पनि यसको अली प्रक्रिया र आधार एकिन भएन ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ६,००,०००। | २४००००। | २४००००। | ० |

सैद्धान्तिक बेरुजु

२० **मालपोत वक्यौता**

***........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२६ को निर्णयबाट रु.५४७७३५।- सम्परीक्षण गरिएको ।)***

२१ **व्यवसाय कर अभिलेख**

***........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.६४०००।- सम्परीक्षण गरिएको ।)***

२२ **सामुदायिक वनको आय** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख)१ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस सम्वन्धमा कुनै अभिलेख नराखेकोले यस सम्वन्धमा केहि विश्लेषण गर्न सक्ने अवस्था रहेन ।यस तर्फ पालिकाको ध्यानाकर्षण हुन पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२३ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमान रु.२० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२९ लाख ३० हजार अर्थात अनुमान भन्दा १४६.५३ प्रतिशत वढी आय प्राप्त गरेको छ ।प्रसासनिक दण्ड जरिवाना जफत ,भूमिकर ,अन्य राजश्व तर्फ अनुमान भन्दाबढी असुल भएता पनि बहाल कर,पूर्वाधार सेवा उपयोग कर ,परीक्षा शुल्क व्यवसाय रजिष्ट्रेशन दस्तुर लगायतमा लक्ष्यको तुलनामा कम असुली भएको र आम्दानीका अन्य स्रोतको पहिचान गरेको नदेखिएकोले पालिकाले विभिन्न श्रोत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२४ **राजस्वको अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले दैनिक राजश्व खाता तथा शिर्षकगत असुली खाता तयार गरेको देखिएन ।साथै पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने र वार्षिक रुपमा प्रयोग गरेको तथा वाँकी रसिद आ.व.को अन्तमा फिर्ता गरि अध्यावधिक अभिलेख राखेको देखिएन

। लेखापरीक्षणको क्रममा वितरण भएका रसिदहरु संकलन गरि पेश भएता पनि वाँकी रसिदको अभिलेख अध्यावधिक भएको नदेखिएककोले सो अध्यावधिक गर्दै कार्यालयबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्नेमा त्यसको व्यवस्थापन गर्न सकेको देखिएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२५ **राजस्व असूली र दाखिला**

*✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.३१५५।- सम्परीक्षण गरिएको ।)*

२६ **कर तथा शुल्क असूली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| मालपोत कर | ५०० | ५१८ | १०४ |
| घरजग्गा वहाल कर | १५० | ८५ | ५६ |
| पूर्वाधार उपयोग | ५० | १९ | ३७ |
| अन्य कर | १०० | ११२ | ११२ |
| परीक्षा शुल्क | ८० | १८ | २२ |
| अन्य प्रशासनि सेवा शुल्क | ३५ | १३८ | ३९४ |
| सिफारिस दस्तुर | ४७५ | ४३० | ९० |
| नाता प्रमाणित | २० | १८८ | ९४१ |
| न्यायिक दस्तुर | २० | ० | ० |
| अन्य दस्तुर | ७० | २१८ | ३११ |
| व्यवसाय रजिष्ट्रेशन | ४०० | २०८ | ५२ |
| अन्य राजश्व | १०० | ३२५ | ३२५ |
| बेरुजु | ५० | ६७२ | १३४३ |
| **जम्मा** | **२०००** | **२९३०** | **१४६.५३** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **नदीजन्य पदार्थको अनियन्त्रित कारोवार -** बिकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, वालुवा तथा खानी जन्य पदार्थको अभाव हुनु नदिई सहज आपूर्ति गर्न यस्ता निर्माण सामग्रीको अनियन्त्रीत दोहनलाई निरुत्साहित गरि दिगो उपयोग गर्न तथा यस क्षेत्रवाट संकलन हुने राजश्वलाई व्यवस्थित गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) वाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ । उक्त मापदण्डको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन गर्दा गर्नु पर्ने पुर्व तयारीमा वातावरणीय अध्ययन पश्चात तोकिएका खरिदविधिको पालना गरि प्रक्रिया पुरा गरेर मात्र तोकिएको क्षेत्रमा उत्खनन गरि आय संकलन गर्नु पर्ने देखिन्छ । पालिकाले यो वर्ष काबेली खोलाको किनारका विभिन्न स्थानवाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, तथा बिक्री गर्ने व्यक्तीवाट मौखिक सहमतिमा दुई व्यक्तिवाट निश्चित राजश्व रु ६ लाख जम्मा गर्ने शर्तमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, तथा बिक्री गर्न अनुमति दिएको पाईयो ।यसमा कुनै किसिमको खरिद प्रक्रिया नअपनाएको,कारोवार गर्ने व्यक्ति मुअक तथा आयकरमा दर्ता नभएको,कुनै किसिमको लिखित समझदारी नभएको तथा मापदण्डले तोकेका कुराहरु पालना नभएको अवस्था रेहेको पाईयो । यसरी उत्खनन मापदण्ड तथा खरिद कानूनको पालना बिपरित भएको कारोवारवाट आन्तरिक आयमा थोरै योगदान देखिएता पनि वातावरणीय क्षेत्रमा परेको असर तथा अधिक र न्यून दोहनका कारण राजस्व असुली तथा वातावरणमा परेको असर सम्वन्धमा विश्लेषण गर्न सक्ने अवस्था रहेन । यसरी मौखिक समझदारीमा राजश्व असुल गरिएको जानकारी पालिकावाट भएकोमा यसवाट वातावरणिय तथा राजश्व आम्दानीमा असर नपरेकोमा एकिन हुन सकिने अवस्था रहेन ।अत: पालिकाले यस सम्वन्धमा छानविन गरि सम्पूर्ण कारोवारको सप्रमाण पालिकाको आय र वातावरणमा असर परेको भए सोमा आवस्यक कारवाहि गरेको र नपरेको भए सोलाई पुस्ट्याँई गर्ने एकिन प्रमाण पेश हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.७८०००।- सम्परीक्षण गरिएको ।)***

२९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रु.हजारमा)

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०४८८९ | २९३० | ०.७३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा .७३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३० **फोहर मैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात नगरेको तथा नीति र कुनै कार्यक्रम सन्चालन नगरेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।पालिकाले हालसम्म फोहर मैला व्यवस्थापनको लागि लेण्डफिल्ड साईडको क्षेत्र र जग्गा व्यवस्थापन तर्फ कुनै ध्यान दिएको पनि देखिएन । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, स्वास्थ्य संस्थावाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । आवस्यक कानूनी व्यवस्था गरि फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्न समयमै पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **पाइप जडान प्रतिवेदन**

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.१४२४१२३।- सम्परीक्षण गरिएको ।)*

३२ **ब्रोडव्याण्ड इन्टरनेट सेवा जडान**

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.२५१२६००।- सम्परीक्षण गरिएको ।)*

३३ **सडक हेरालु**

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.६५९२२५।- सम्परीक्षण गरिएको ।)*

३४ **बिधुत महशुलमा हर्जना**

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.९६८४।- सम्परीक्षण गरिएको ।)*

३५ **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष पालिका पूँजीगत बजेट बाट पालिका भित्रका १० महिला कृषक समुहलाई १० वटा कम्वाईन मिनि मिल रु चार लाख साठी हजारमा खरिद गरि वितरण गरेको, लक्षीत बर्गलाई वितरण गर्नेगरि गत वर्ष खरिद गरिएको १५७ थान रकेट चुलोमा छ लाख ९८ हजार खर्च गरेकोमा हालसम्म ५३ थान वाँकी रेहेको, त्यसैगरि यो वर्ष पालिका भित्रका लक्षीत बर्गलाई वितरण गर्नेगरि रु.९ लाख ८४ हजारका १६९ थान ईन्फारेड इन्डक्सन चुलो खरिद गरेकोमा लेखापरीक्षण अवधिसम्म वितरणको व्यवस्थापन नगरेको, वडा नं १ र २ का विभिन्न वासिन्दाकोलागि रु ३ लाख ८८ हजारका विद्युतीय उपकरण कालोतार,एमसिवी,मिटरवक्स खरिद गरेकोमा १५ थान मौज्दातमै रहेको देखियो । यसरी खरिद गर्नु पूर्व लक्षीत बर्गको पहिचान गरि यकिन विवरण तयार नगरेको कारण खरिद गरीएका चुलो तथा विद्युत मिटर हालसम्म मौज्दात रहेको पाईयो । यसरी आवश्यकताको स्पस्ट पहिचान र कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई दिर्घकालमा प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्चको वास्तविकता र आवश्यकता पारदर्शी तवरले निर्धारण गरेर मात्र कार्यक्रम सन्चालन गरि वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

३६ **बढी भुक्तानी**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.५००००।- सम्परीक्षण गरिएको ।)***

३७ **अनुगमन प्रतिवेदन**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.६७२०००।- सम्परीक्षण गरिएको ।)***

३८ **लघु उद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन। सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थित अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **प्रविधि हस्तान्तरण**

*✍ ...........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.१४०८०।- सम्परीक्षण गरिएको ।)*

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटा वडा रहेकोमा ११ योजना सञ्चालन गरी यस वर्ष ८२ जनालाई औसत १०० दिनले ८२०० दिन रोजगारी उपलव्ध गराई रु.४७ लाख ३१ हजार ४ सय श्रमिक ज्याला खर्च गरेको छ। पालिकाले सभावाट कार्यक्रम स्वीकृत गरि कार्यान्वयनमा ल्याएको छ। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्ने तर्फ पालिका सजग हुनु पर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

*✍ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.१७२७९७१।- सम्परीक्षण गरिएको ।)*

४२ **भाषा शिक्षक -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्यको बारेमा उल्लेख गरिएको छ । जस अन्तर्गत आधारभुत र माध्यमिक विद्यालय सञ्चालन व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिइएको छ । पालिकाले स्थानिय मातृ भाषाको संरक्षण र सम्बर्द्धन गर्नका लागि पालिका अन्तर्गतका १७ सामुदायिक विद्यालयहरुमा लिम्बु (आनिपान) र २ वटामा गुरुङ भाषाको पढाई गर्न भाषा शिक्षक नियुक्ति गरी यस वर्ष वित्तिय सामानीकरण चालुको बिभिन्न गोश्वरा भौचरबाट रु १८३००००। विद्यालयहरुलाई अनुदान भुक्तानी गरेको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गर्दै स्थानिय मातृ भाषाको पाठ्यक्रम गाउँ सभाबाट स्वीकृत गरी कार्यविधि सहित कार्यान्वयन गराउनु पर्दछ। साथै विद्यालयहरुमा दरबन्दीमा रहेका शिक्षकहरुलाई नै लिम्बु भाषाको शिक्षण सम्बन्धि तालिम दिई पठन पाठन गराएमा पालिकालाई थप आर्थिक व्ययभार समेत नपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४३ **शिक्षकको पारिश्रमिक -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि सशर्त अनुदान उपलब्ध गराउने र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट शिक्षकको तलब भत्तामा रु.२२६३२१५। कोचिङ कक्षाका

लागि रु ३३३०००। र प्रधानाध्यापक प्रोत्साहन वापत रु.११७०००। गरी जम्मा रु. २७१३२१५। भुक्तानी गरेको छ । उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई तलब भत्ता र कोचिङ लगायतमा वित्तीय समानीकरणबाट खर्च गर्ने प्रणालीमा नियन्त्रण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **संस्थागत विद्यालयको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ। पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन। निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन। पालिकाले आफु मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **शिक्षकको दरवन्दी तथा पदपूर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विद्यालय संख्या ३६ वटा | २१६ | २१६ | ६३ | २४०३ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ती गर्नु पर्दछ। कतिपय विद्यालयमा विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी र पदपूर्ती बढी देखिएको र कतिपय विद्यालयमा विद्यार्थीको तुलनामा शिक्षक दरबन्दी घटी देखिएकोले विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पदपूर्ती हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६ **औषधि खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११० बमोजिम उपभोग नहुने प्रमाणीत भएका मालसामानहरु नस्ट गर्नु पर्ने व्यवस्था छ । पालिकामा परिक्षणको क्रममा निम्नानुसारको औषधिहरुको प्रयोग गर्ने समयावधि सकिएको अवस्थामा पनि मौज्दात देखाएकोमा लेखापरीक्षणमाऔल्याए पस्चात नष्ट गरि सोको प्रमाण पेश गरेको देखियो।

सैद्धान्तिक बेरुजु

४७ **आर्थिक सहायता -** पालिकाले आर्थिक सहायता तथा अनुदान दिंदा स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नु पर्दछ। तर यस पालिकाले यो बर्ष विपन्न नागरिकलाई उपचार सहयोग लगायत विभिन्न शिर्षकमा मापदण्ड र कार्यविधि तयार नगरी ४२ जनालाई पटके निर्णय तथा तोकआदेशको आधारमा जम्मा रु. ८९५०००। भुक्तानी दिएको देखियो। गाउँपालिकाले उपलब्ध गराउने आर्थिक सहयोगलाई व्यवस्थित र एकरुपता बनाउन गाउँसभावाट कार्यविधि पारित गरि सो अनुरुप सहयोग उपलब्ध गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४८ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।उदाहरणकोलागि आयोजनाले तपशिल वमोजिमका ठेक्का तथा उपभोक्ता समतिहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी।उपभोक्ता समिति | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| २०७९।०८० | कुम्भकर्ण आ.वि.भवन निर्माण तिरिङ्गे | ६०,७५,७८१.२५ | नखुल्ने | वीमा नगरेको |
| ०३/MDWPC/०७९/०८० | अमर निर्माण सेवा | ४०,०८,९२०.१४ | ७५,०००.०० | वीमा नगरेको |
| CWOB/०७/०७७/०७८ | आगेजुङ्ग निर्माण सेवा | ९२,५२,५००.९० | १००,०००.०० | वीमा नगरेको |
| CPKDWSP/०१/०७८/०८९ | ग्रुप प्रा.लि काठमाण्डौ | १,०३,०२,०१६.०१ | १,००,०००.०० | वीमा नगरेको |

सैद्धान्तिक बेरुजु

४९ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **एच पि एफ साँझेदारी -** सन् २०१७ देखि नेपालमा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाको रुपमा दर्ता भई शैक्षिक क्षेत्रको सुधारमा काम गर्दै आएको डेनिस संस्था ह्यूमन प्राक्टिस फाउण्डेसनले ताप्लेजुङ्ग जिल्लास्थित

स्थानीयतहमा रहेका छनौट भएका सामुदायीक विद्यालयहरुमा भौतिक निर्माण तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्दै आएको देखियो । विद्यालय पूर्वाधार सुविधा सिंकाई सुधार परियोजना ताप्लेजुङ्ग अन्तर्गत अन्तराष्ट्रिय गैह्र सरकारी संस्था ह्यूमन प्राक्टिस फाउण्डेसन र विद्यालय व्यवस्थापन समित/पाथीभरा याङवरक गाउँपालिका विच भएको विद्यालय सहयोग सम्वन्धी सम्झौताको परियोजना बित्त व्यावस्थापन खण्डमा यो परियोजना सहलगानीमा हुने उल्लेख छ । त्यसै गरी सहलगानीमा हुने र परियोजनामा लगानी भएको रकम खर्च गर्दा नेपाल सरकारको खरिद कानून तथा कर सम्वन्धी कानूनको पालना हुनु पर्ने व्यहोरा उल्लेख छ । उक्त व्यहोरा उल्लेख भए तापनि व्यवस्थापन समितिले निर्माण सामग्री खरिद गर्दा आपूर्तिकर्ता सुचिकृत गरी विभिन्न खरिद विधीमा तोकिएको सीमा भन्दा बढीको निर्माण सामग्रीहरु सोझै खरिद गरेको र सीमा भन्दा वढीको, भुक्तानीमा मुल्य अभिबृद्धि कर समेत पुरै दिएको तथा सो को जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा नदिएको पाइयो । यसबाट सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर दाखिला भएकोमा यकिन हुन सकिएन । त्यसै गरी सहलगानीमा निर्माण सम्पन्न भएका विद्यालयहरुको निर्माण कार्यको एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदन तयार नगरी सहलगानीको मात्रा अनुसार पालिकाको हिस्साको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएकोले अन्य सहलगानी कर्ताको लगानी समेतबाट निर्माण सम्पन्न भएको निर्माण कार्यको अभिलेख समेत नरहने अवस्था देखिएकोले यस सम्वन्धमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ । ह्यूमन प्राक्टिस फाउण्डेसन, विद्यालय व्यवस्थापन समित र पाथीभरा याङवरक गाउँपालिका विच भएको त्रिपक्षिय सहलगानी सम्झौता अनुसार यसवर्ष पालिकावाट भएको भुक्तानीको विवरण निम्नानुसार देखियो ।

| एच पि एफ साँझेदारीमा सञ्चालन भएको योजना | कुल लागत | एच पि एफको लागत | पालिकाले व्यहोर्ने रकम | पालिकाले व्यहोर्ने प्रतिशत | पालिकाबाट भुक्तानी भएको |
|---|---|---|---|---|---|
| चाक्सिवोटे माध्यमिक विद्यालय | ९७९१२०८.५३ | ७२९१२०८.५३ | २५००००० | २६.००% | २४४४९७५.४९ |

सैद्धान्तिक बेरुजु

५१ **हेभी इक्यूप्मेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग भएको हेवी उपकरण | हेवी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११७-२०७९।१२।१२ | महादेव कृषक समुहको भवन निर्माण तथा प्राङ्गण निर्माण | भवन निर्माण तथा प्राङ्गण निर्माण | १३६९९३७ | एक्साभेटर | ३३०१६७.९९ |
| २७३-२०८०।३।८ | पखेरा माङ्गजावुङ्ग जोड्ने मोटरबाटो निर्माण | मोटरवाटो | ३६०६४०.०० | एक्साभेटर | १५१५८२.३२ |

सैद्धान्तिक बेरुजु

५२ **विद्युतको मिटर वक्स खरिद**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.३३०६७।- सम्परीक्षण गरिएको ।)*

५३ **प्राविधिक विल र कार्यसम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **नन् फाईलर**

*...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२६ को निर्णयबाट रु.६८६८५०।- सम्परीक्षण गरिएको ।)*

५५ **कर्मचारी आवास**

५५.१ *...........(प्रारम्भिक प्रतिवेदन उपर असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.६५००००।- सम्परीक्षण गरिएको ।)*

५५.२ *...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.८५००००।- सम्परीक्षण गरिएको ।)*

५६ **पेश्की** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम वैंक जमानत लिई पहिलो पटकमा स्वीकृत

पेश्कीको आधामा नवढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने यसरी दिने पेश्की रकम सम्झौता रकमको बीस प्रतिशतमा नवढ्ने गरी हुने उल्लेख छ । पालिकाले विभिन्न खरिद सम्झौतामा उपर्युक्त कानून बमोजिम कार्य प्रगतिको आधार विना एकै पटक बीस प्रतिशत सम्म पेश्की दिएको पाइयो । निम्नानुसारको खरिद सम्झौतामा निर्माण व्यवसायीले कार्य प्रारम्भ गरेको तथा निजले गरेको कार्य प्रगति देखिने कुनै कागजात पेश भएको छैन । यसरी कानून विपरित पेश्की दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | १०% ले हुने पेश्की | दिएको पेश्की | फरक |
|---|---|---|---|---|---|
| प्रशासकीय भवन दोश्रो र तेश्रो तला निर्माण | थेवे निर्माण सेवा | २२९८८५६४.४० | २२९८८५६.४४ | ४५८००००.० | २२८११४३.५६ |
| वडा नः २ र ४ जोड्ने फावा खोला मोटरेवल पुल निर्माण | शंकर त्रिशक्ती निर्माण सेवा प्रा.लि. | ६४२९८००२.६८ | ६४२९८००.२७ | १००००००.०० | ३५७०१९९.७३ |

सैद्धान्तिक बेरुजु

५७ **ल्याव स्थापना**

***........... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.५९८०००।- सम्परीक्षण गरिएको ।)***

५८ **घर जग्गा अधिग्रहण** - जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि नेपाल सरकारले जुनसुकै ठाउँको जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष साविक थेचम्वु ४ को कित्ता नः ३२०, ३५२, ३१९ र ३५८ मा रहेको घर र टहरा सहित तथा सविक थेचम्वु २ को कित्ता नः ७०१ को जग्गा खरिद प्राप्ति गरेको देखियो । जग्गा प्राप्तिको लागि पालिकाले सुचना प्रकाशन गरी दर्ता हुन आएका घर तथा जग्गाको साँध सिमानामा रहेका सँधियारहरुको दावी विरोधको अधिकार सहित जग्गा धनीहरुका लागि सुचना प्रकाशन गरेको पाइयो । त्यस्तै जग्गा धनीले मुल्याङ्कित सरकारी दर रेट वमोजिम पालिकालाई घर तथा जग्गा विक्रि गर्न मञ्जुर रहेको निवेदन प्राप्त भएको छ । त्यस पछि गाउँ कार्यपालिकाले उक्त घर जग्गा प्राप्ति गर्नको लागि प्रारम्भिक अधिकृत श्री लासाङ तामाङ्गलाई तोकेको र सो वमोजिम निजले प्रारम्भिक कार्यको प्रतिवेदन पेश गरेको देखियो । मिति २०७९।११।११ मा सार्वजनिक निकायको लागि जग्गा प्राप्ति ऐन २०३४ बमोजिम घर टहरा र जग्गा अधिग्रहण गर्ने कार्यको लागि संयोजकको रुपमा प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन पठएको पाइयो । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले मिति २०७९।११।२६ गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा वैठक वसी मुआव्जा निर्धारण उपसमिति गठन गर्ने निर्णय गरेको देखियो । मिति २०८०।१।२० मा गठित उपसमितिले प्रमुख जिल्ला अधिकारीलाई मुआव्जा निर्धारण सिफारिस उपसमितिको प्रतिवेदन २०८० पेश गरेको छ । उक्त उपसमितिले जग्गाको मुल्यांकनका लागि वैंक मुल्यांकन, मालपोत मुल्यांकन, तिरो तिरेको रसिदको आधार, पञ्चकृते मुल्यांकन र गाउँ कार्यपालिकाको निर्णय लाई औषत मानी साथै घरको लागि जिल्ला दररेट र सोमा भएको ह्रासकट्टिको व्यवस्थाको आधार र शहरी विकास तथा भवन निर्माण विभागको घरको मुल्यांकन गर्ने नर्म्स Deduction due to reusable materials of structure मा ३०% ले कट्टि गरी साथै पुनः घरको

मुल्यमा ८ प्रतिशत र टहराको मुल्यमा ४० प्रतिशत कम हुन आउने मुल्य मुल्यांकन गरेको र सोही वमोजिम पूँजीगत लाभकर लगायतको कर कट्टा गरी भुक्तानी भएको देखियो । यसरी जग्गा प्राप्ति गर्दा कित्ता नः ३२० को ०-१-३-९, ३५२ को ०-२-०-३, ३१९ को ०-१-१-१ र ३५८ को ०-२-०-२ क्षेत्रफलको कुल रु.९१०५१६। तथा कित्ता नः ७०१ को २-६-०-० क्षेत्रफलको रु.१०४७४२८।३० र सो मा वनेको ११९.१८ वर्ग मिटर क्षेत्रफल भएको पक्की घर र ५८.५० वर्ग मिटर क्षेत्रफल भएको कच्ची टहराको जम्मा रु.४९६०३७९।७७ गरी कुल रु.६९१८३२४।५० भुक्तानी दिएको देखियो । उपर्युक्त कित्ता नः ३२०, ३५२, ३१९ र ३५८ मा रहेको घर टहरामा हाल लक्ष्मी सनराईज वैंक लि.वहालमा रहेको र सो घर वडा नः२ कार्यालयको प्रयोजनको लागि प्राप्ति गरिएको र कित्ता नः ७०१ को जग्गा थेचम्बु माध्यमिक विद्यालयको खेलमैदान विस्तारको लागि प्राप्ति गरिएको पालिकाको भनाई रहेको छ । उपर्युक्त प्राप्ति भएको घर तथा जग्गाको उद्देश्य अनुरुप प्रयोगमा ल्याउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक पटकमा रु.१० लाखसम्म लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एक पटक मात्र खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका रु.११७८०६३१। वरावरका निर्माण कार्यको खरिद गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि.न | योजनाको नाम | निर्माण व्यावसायि | लागत अनुमान | सम्झौता | भुक्तानि रकम |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवन सडकको ब्याक कट्टिङ्ग र नयाँ ट्र्याक | कि नट कन्सल्ट एण्ड विल्डर्स | ७०१००५.२६ | ६८८५०८.१२ | ६७५६५०.७७ |
| २ | प्रशासनिक भवनको वरिपरी माटो काटेर साइट किलियरेस | वि विल्ड निर्माण सेवा | ८८५३५९.०३ | ८७०५०९.४७ | ८६४०३९.५६ |
| ३ | डाँडागाँउ यामासेन मोटर बाटो निर्माण,थेचम्बु | श्री ताप्लेजुङ कन्स्टक्सन सेवा प्रा.ली. | ७६०४७२.९१ | ७४८७८७.८६ | ६६०३०९.५८ |
| ४ | तिरिङ्गेको गुक्ते मोटर बाटो मर्मत र अरनिको प्रा.वि.मोटर निर्माण | श्री पिङकी कन्स्टक्सन निर्माण सेवा फुङलिङ-०५,ताप्लेजुङ | ४७३५६६.०७ | ४६६१२६.१८ | ४५९०५८.४१ |
| ५ | लक्ष्मीटार देखि कँडार जाने मोटरबाटो निर्माण ,नाङखोल्याङ | श्री उन्नत आर. सि. निर्माण सेवा ताप्लेजुङ फुङलिङ-०४ | ९५०२०७.४५ | ९३९१६१.०८ | ९२६०५६.५६ |
| ६ | रायोटार खेलमैदानजाने मोटरबाटो स्तरोन्नती ,नाङखोल्याङ | श्री प्रतिभा कन्स्टक्सन फुङलिङ,ताप्लेजुङ-०५ | ३५३३१९.५७ | ३४०३६७.३ | ३३५४३०.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | बराल गाँउ जोडने सडकको नँया ट्र्याक ओपेन | ममता निर्माण सेवा | ९४९४४६.०७ | ९४३६२१.२१ | ८५५२७७.७५ |
| ८ | जौबारी देखि सुबेवा सम्म मोटरबाटोको स्तरोत्रती साथै ट्र्याक ओपेन र कालिका आहाले मोटरबाटोको ट्र्याक ओपेन | श्री दोखु कन्स्टक्सन ताप्लेजुङ-७,दोखु | ९८०५२३.१९ | ९६२४३६.७१ | ९४९५७४.६९ |
| ९ | जमुनेभीर देखि कार्तिके जोडने मोटरबाटो | पहाडि निर्माण सेवा | ८०७५००. | ८०४७४४.६१ | ७९२४५५.०१ |
| १० | वडा नं.-१,२ र ३ मर्मत र स्तरोन्नती | श्री सूयल कन्स्ट्रक्सन,फुङलिङ,ताप्लेजुङ-८,खोप्रे | ३९९७४८.८४ | ३८४५२७.९६ | ३८२३५९.२८ |
| ११ | २ अन्तर्गत रहेको सडकहरुको बिभिन्न ठाउँहरुमा मर्मत र सोलिङ | श्री अमर निर्माण सेवा,अमरपुर-२,पाँचथर | ३०५७६४.८२ | २९८३९२.६५ | २९४२८१.१४ |
| १२ | काबेलि करिडोरमा जोडने पौवा सडकको नँया ट्र्याक ओपेन | श्री पुजा एण्ड आर डी कन्स्टक्सन,रानीटार,फिदिम पाँचथर। | ४८९३४२.५५ | ४८२०५८. | ४७५४०८.१३ |
| १३ | वडा नं.-०५ चाक्सीबोटे अन्तर्गत रहेको सडकहरुको स्तरोन्नती र मर्मत | श्री तेम्बे कन्स्ट्रक्सन सेवा फुङलिङ,ताप्लेजुङ | २८६९२४.२५ | २८०१५२.५६ | २७७८४१.१५ |
| १४ | वडा नं.-०६ अन्तर्गत रहेको सडकहरुको बिभिन्न ठाउँमा स्तरोन्नती र मर्मत | श्री सुमन एण्ड ब्रदर्श निर्माण सेवा, पाथिभरा याङवरक-०६ | २५६५४७.८२ | २५३००९.३९ | २४३७२७.६२ |
| १५ | श्री जनता आधारभुत विद्यालयको भवन निर्माण गर्नको लागि फाउन्डेसन र माटो कटिङ्ग | श्री नागी कन्स्ट्रक्सन, अमरपुर-०२,पाँचथर | ९७५१६५.३३ | ९७३८२७.०३ | ९७१०९४.७३ |
| १६ | पाथीबरा याङवरक गा.पा.(वडा १,२,र ६) विभिन्न सडकहरु निर्माण | शुभ लक्ष्य निर्माण सेवा,प्रा.लि. | ९४५८८८.२२ | ९३७०३७.८१ | ९३४५८८.५४ |
| १७ | सापथोक जोवारी मोटर बाटो निर्माण | इम्पेरियल ए.आर.एम कन्ट्रक्सन प्रा.लि. | ३७९५८०.९६ | ३७५४१६.५१ | ३७४९२६.०९ |
| १८ | ओरक्पे सिरिक्मा मोटर बाटो निर्माण तथा स्तरोन्नती | साँवा कन्ट्रक्सन ,ताप्लेजुङ | ५७९४३९.५२ | ५६५६६१.५ | ५६३७५५.४९ |
| १९ | वडा नंम्बर ६ का विभिन्न सडकहरु निर्माण | याङयुङ निर्माण सेवा, पाँचथर | ७५९२७८.३८ | ७४८१३६.१३ | ७४४७९५.७१ |
| | | **जम्माः** | **१२२३९०८०.२६** | **१२०६२४८२.०८** | **११७८०६३१.४३** |

सैद्धान्तिक बेरुजु

६० **परामर्श तथा डि पि आर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट हाराहारीमै लागत अनुमान तयार गरि रकम खर्च गरेको देखिएको र डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगरि बाह्य जनशक्तीवाट सेवा लिएको देखिदा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

| क सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका लागत | कार्यान्वयन |
|---|---|---|---|---|---|---|
| १ | १- कावेली पुर्णडाँडा गाउँपालिका भवन सम्म कालोपत्रे सडकको DPR | श्री न्यु प्लानेट इन्जिनियरिङ सर्भिसेज प्रा. लि. काठमाडौं . | ६००००० | ६९६०८० | २१४८९६२०.८९ | भएको |
| २ | वक्तिम्वा कुलो DPR | श्री ब्रम्हा इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड बिल्डर्स प्रा.ली ललितपुर-१०,ललितपुर। | ३००००० | २९०४१० | ६५०९००००.१३ | नभएको |
| ३ | खहरे खोलाको झोलङ्गे पुल | श्री ईष्ट्रन ईन्जिनियरिङ्ग कन्सटेन्सी फु.न.पा. ताप्लेजुङ। | २३६१७० | २३३९१० | ४१४५०००.१२ | नभएको |
| ४ | थुम्बेदिन खेलकुद मैदानको | श्री मल्टी सोलुसन कन्सल्टेन्सी प्रा.लि. लैनचौर , काठमाडौं | २५०००० | २, ४२ , ९५० | ६०२१५९४.८३ | नभएको |
| ५ | Detail Project Report (DPR) Preparation of Phawakhola at irrigation | श्री ओझा इन्जिनियरिङ सर्भिसेज प्रा. लि., भक्तपुर | २००००० | १, ९५ , ४९० | १७६१७३८.९८ | नभएको |
| ६ | मा धाप पोखरी पर्यटकीय क्षेत्र डि.पि. आर | श्री राघबी इन्जीनियरिंग सर्भिसेस प्रा. लि. गोदावरी-०२, कैलाली. | ३५०००० | ३, ४१ , २६० | २१६७०५०१३.९८ | नभएको |
| ७ | (DPR) Preparation of Mewakha Suketar Motor Bato Ward-१, Thumbedin-haksibotey- | स्पेस इञ्जिनियरिग सर्भिसेस प्रा.लि , भक्तपुर | ७००००० | ६९८३४० | ६३४४७४५६.६३ | नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Thechambu Rural Road & Tiringe | | | | | |
| ८ | "Detail Project Report (DPR) Preparation of Ward Karyalaya | श्री जी.पी.एस .टेक्नोलोजी. प्रा. लि., ठिमी , भक्तपुर। | १५०००० | १४०६८५ | १७७७४४०४.७४ | भएको |

कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार उपर्युक्त बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । प्राप्त ९ प्रतिवेदन मध्ये यो बर्ष दुई प्रतिवेदन कार्यान्वयनमा आएको र बाँकी ७ प्रतिवेदन कार्यान्वयनमा आएको देखिएन । कार्यान्वयनमा नआएका ७ प्रतिवेदनको लागत रु.२० लाख एक हजार र सो वाट ७ आयोजनाको लागत रु.३५ करोड ७१ लाख ७० हजार कायम भएकोमा तयारी खर्चको उपादेयता हुन सकेको देखिएन । त्यसैगरि गत बर्ष तयार डिपिआर ३ मध्ये २ प्रतिबेदनको हालसम्म कार्यान्वयन नहुँदा त्यसमा भएको तयारी खर्च रु.२६ लाख ६२ हजार सदुपयोग भएकोमा एकिन हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

६१ **सार्वजनिक परिक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले २०८०।३।२३ मा सार्वजनिक सुनुवाई र उपभोक्ता समितिवाट सम्पन्न आयोजनाको आयोजनागत रुपमा पटक पटक सार्वजनिक परीक्षण भएको देखियो । पालिकाले यो बर्ष सन्चालन गरेको सार्वजनिक सुनुवाईमा उज्यालो पोष्ट दैनिक मार्फत रु. ४,९९,५२०।खर्च गरि सार्वजनि सुनुवाई सम्पन्न गरेकोमा निजले कर विजक बेगर भुक्तानी लिएको र दर्ता प्रमाण पनि पेश गरेको देखिएन । निजले पालिकामा पेश गरेको प्रतिवेदनमा सवै वडाका १८० सेवाग्राहिसंग वहिर्गमन अभिमत संकलन गरि सुनुवाई गरिएकोमा नागरिक बडापत्र अनुसारको सेवामा २७ जनाले असन्तुष्टी जनाएको,स्वरोजगार लगायतका भुक्तानीमा ५७ जनाले धेरैपटक धाउन परेको, २२जनावाट कर्मचारी प्रति बिश्वास नभएको,३७ जनाले प्रक्रियामै अल्मलाउने गरिएको जस्ता अभिमत व्यक्त गरेको देखियो । पालिकाले प्राप्त अभिमतको सम्वोधन गरि जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २२ वटा सहकारी संस्था रहेका छन् ।कुनै पनि सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको अभिलेख पेश भएन । शहकारीले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्न गराउन प्रदेश र संघ स्तरवाट

पत्राचार गरेता पनि सोको प्रभावकारी कार्यान्वयन भएको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रका सहकारी सन्चालन सम्वन्धमा यो वर्ष कुनै उल्लेखनिय कार्य तथा अनुगमन समेत गरेको देखिएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था र उजुरी तथा गुनासो सम्बन्धमा अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकामा भएको व्यवस्था अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरि सहकारीको मर्म र मान्यता अनुसार सदस्यको सहभागिताको सुरक्षामा आश्वस्त गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु. ५७७३४८४६। सामाजिक सुरक्षा भत्ता वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरेको छैन । कार्यालयले समाजिक सुरक्षा पाउनेको नाम, खाता नं र परिचय पत्र तथा जन्म मिति लगायतको सम्पुर्ण विवरण अधावधिक गरी एम.आइ. एस.मा प्रविष्ट गरी सामाजिक सुरक्षा वितरणलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१. गत वर्ष सामाजिक सुरक्षा भत्तावापत खर्च रु.५०९६९६४४। यस वर्षको खर्च रकम रु. ५७७३४८४६। गत वर्ष भन्दा रु.६७६५२०२। बढी खर्च देखिन्छ। सामाजिक सुरक्षा रकम भुक्तानी लक्ष्मी बैङ्क लिमिटेड थेचम्वु शाखा कार्यालय, मार्फत भएको देखिन्छ। गत आ.ब. को लाभग्राहीको संख्या र यस आ.ब.को लाभग्राहीको तुलनात्मक विवरण देहायकमोजिम छन:

| सि.नं. | लक्षित समुह | आ.व. २०७८/०७९को चार त्रैमासिकको औसत संख्या | आ.व. २०७९/०८० को चार त्रैमासिकको औसत संख्या | भत्ता दर मासिक रु. |
|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ७३२ | ९२७ | ४००० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ६५ | ४९ | २६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १४२ | १०४ | २६६० |
| ४ | विधवा (आर्थिक सहायता) | ११८ | १२५ | २६६० |
| ५ | क बर्ग | ५५ | ५३ | ३९९० |
| ६ | ख बर्ग (आर्थिक सहायता) | १३१ | १२९ | २१२८ |
| ७ | दलित बालबालिका | ८४ | ९३ | ५३२ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १३२७ | १४८० | |

आ. व. २०७९/८० मा सामाजिक सुरक्षा भत्ताको प्रथम किस्ताको विवरण अनुसूचीमा ४ मा राखिएको छः

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ , पाथीभरा याङवरक गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जनार्दन निरौला | २०७८-१२-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Devendra Kumar Limbu | २०७८-९-२२ | २०७९-५-५ |
| लेखा प्रमुख | Gopal Bhattarai | २०७९-११-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | shambhu Shrestha | २०७९-४-१ | २०७९-११-४ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८२५,१४७ | ३,१२०,२८४ | ७,२४०,१९५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११,१८५,६२६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ११,१८५,६२६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १०३९९१७४६.९३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३२४४६००० | **चालु खर्च** | २४८६९५१६२.१३ |
| **प्रदेश सरकारबाट अनुदान** | १७९२०७५० | **पूँजीगत खर्च** | १४१९८९९१९.२५ |
| **राजश्व बाँडफाँट** | ६२८३९९९७.३८ | **वित्तीय/अन्य व्यवस्था** | १०५५३७०९८.६९ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ३२९०६९५.७२ | | |
| **अन्य आय** | ७४४१६४००.७५ | | |
| **कुल आय** | ४९०९१३८४३.८५ | **कुल खर्च** | ४९६२२२१८०.०७ |
| **बाँकी मौज्दात** | | ९८६८३४१०.७१ | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६,०१,९५,१५९.३८ | ३८,५२,९०,८४०.४१ | | ३८,५२,९०,८४०.४१ | ३९,९४,८२,७४७.६६ | | ३९,९४,८२,७४७.६६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४३,८३,३२,२९०.०० | ३८,३५,६५,३७७.४१ | ० | ३८,३५,६५,३७७.४१ | ३८,७७,१७,०४०.६६ | ० | ३८,७७,१७,०४०.६६ |
| ११००० कर | ११ | ७,१४,०३,२९०.०० | ६,०१,०६,७३४.१६ | ० | ६,०१,०६,७३४.१६ | ५,३७,३१,३४९.५२ | ० | ५,३७,३१,३४९.५२ |
| १३००० अनुदान | | ३६,५१,०९,०००.०० | ३१,६७,६९,०२३.३१ | ० | ३१,६७,६९,०२३.३१ | ३३,०७,८४,७०९.०० | ० | ३३,०७,८४,७०९.०० |
| संघीय सरकार | १२ | ३४,६३,८६,०००.०० | २९,९५,१४,३३३.३१ | ० | २९,९५,१४,३३३.३१ | ३१,२१,९८,३५३.०० | ० | ३१,२१,९८,३५३.०० |
| प्रदेश सरकार | १२ | १,८७,२३,०००.०० | १,७२,५४,६९०.०० | ० | १,७२,५४,६९०.०० | १,८५,८६,३५६.०० | ० | १,८५,८६,३५६.०० |
| १४००० अन्य राजस्व | | १७,७०,०००.०० | ६०,१७,८५०.२८ | ० | ६०,१७,८५०.२८ | ३२,००,९८२.१४ | ० | ३२,००,९८२.१४ |
| १५००० विविध प्राप्ति | | ५०,०००.०० | ६,७१,७६९.६६ | ० | ६,७१,७६९.६६ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,१८,६२,८६९.३८ | १७,२५,४६३.०० | | १७,२५,४६३.०० | १,१७,६५,७०७.०० | | १,१७,६५,७०७.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,१८,६२,८६९.३८ | ० | ० | ० | ७६,४२,१२०.०० | ० | ७६,४२,१२०.०० |
| धरौटी | | ० | १७,२५,४६३.०० | ० | १७,२५,४६३.०० | ४१,२३,५८७.०० | ० | ४१,२३,५८७.०० |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५५,१३,५३,१५९.३८ | ४०,४८,८९,४३५.३८ | | ४०,४८,८९,४३५.३८ | ३७,१५,०७,७९१.०० | | ३७,१५,०७,७९१.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२,९४,९०,२९०.०० | ३९,०६,८५,०८१.३८ | | ३९,०६,८५,०८१.३८ | ३६,३०,५८,७५६.०० | | ३६,३०,५८,७५६.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,१६,३३,०००.०० | १६,७४,९४,०२७.७८ | ० | १६,७४,९४,०२७.७८ | १६,४९,४६,८५२.०० | ० | १६,४९,४६,८५२.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,४०,२४,०००.०० | ७,१७,९२,३४८.३५ | ० | ७,१७,९२,३४८.३५ | ५,३८,२६,०४७.०० | ० | ५,३८,२६,०४७.०० |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ८०,०००.०० | ० | ८०,०००.०० |
| २६००० अनुदान | १८ | १३,००,०००.०० | १३,००,०००.०० | ० | १३,००,०००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८०,९७,२९०.०० | ७३,०४,४९४.०० | ० | ७३,०४,४९४.०० | ७९,९०,६४४.०० | ० | ७९,९०,६४४.०० |
| २८००० अन्य खर्च | १८ | ९,००,०००.०० | ८,०४,२९२.०० | ० | ८,०४,२९२.०० | १०,२६,४६४.०० | ० | १०,२६,४६४.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,३५,३६,०००.०० | १४,१९,८९,९१९.२५ | ० | १४,१९,८९,९१९.२५ | १३,५१,८८,७४९.०० | ० | १३,५१,८८,७४९.०० |
| घ. अन्य भूक्तानी | | २,१८,६२,८६९.३८ | १,४२,०४,३५४.०० | | १,४२,०४,३५४.०० | ३७,१५,०७,७९१.०० | | ३७,१५,०७,७९१.०० |
| कोषहरु | | २,१८,६२,८६९.३८ | १,३०,६६,३४१.०० | ० | १,३०,६६,३४१.०० | ६५,३२,०३५.०० | ० | ६५,३२,०३५.०० |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| धरौटी | | ० | ११,३८,१८५.०० | ० | ११,३८,१८५.०० | १९,१७,०००.०० | ० | १९,१७,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१७२. | | -१७२. | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,११,५८,०००.००) | (१,९५,९८,५९४.९७) | | (१,९५,९८,५९४.९७) | २,७९,७४,९५६.६६ | | २,७९,७४,९५६.६६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११,१२,२९,४१५.४३ | | ११,१२,२९,४१५.४३ | ७,६२,११,९९०.२७ | | ७,६२,११,९९०.२७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,११,५८,०००.००) | ९,१६,३०,८२०.४६ | | ९,१६,३०,८२०.४६ | १०,४१,८६,९४६.९३ | | १०,४१,८६,९४६.९३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ९,८६,८३,४१०.७१ | | ९,८६,८३,४१०.७१ | १०,३९,८६,९४६.९३ | | १०,३९,८६,९४६.९३ |

**बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| वडा नं | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक दलित | | जेष्ठ नागरिक एकल महिला | | विधवा आर्थिक सहायता | | क वर्गको अपाङ्ग | | ख बर्गको अपाङ्ग | | दलित वालवालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २५१ | २८२६४०२ | १० | ७९८०० | २३ | १८३५४० | २८ | २२०७८० | १५ | १७९५५० | ३४ | २१७०५६ | १७ | २४४७२ | ३७८ | ३७३१६०० |

| वडा नं | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक दलित | | जेष्ठ नागरिक एकल महिला | | विधवा आर्थिक सहायता | | क वर्गको अपाङ्ग | | ख बर्गको अपाङ्ग | | दलित वालवालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २ | २१७ | २४६१६७८ | ५ | ३९९०० | २४ | १८८८६० | ३० | २३६५६८ | ७ | ८३७९० | ३३ | २०४०८१ | १७ | २७१३२ | ३३३ | ३२४२००९ |
| ३ | ११२ | १२४७८७१ | ६ | ४७८८० | २४ | १८६२०० | २० | १५९६०० | ७ | ८३७९० | ८ | ५१०७२ | ७ | ११९७२ | १८४ | १७८७५८५ |
| ४ | १०१ | ११२८६४५ | १० | ७९८०० | १६ | १२२३६० | १६ | ११९६१४ | ५ | ५९८५० | १२ | ७६६०८ | १४ | २२३४४ | १७४ | १६०९२२१ |
| ५ | ५५ | ६३६००० | ३ | २३९४० | ८ | ६३८४० | १० | ७४४८० | २ | २३९४० | १२ | ७६६०८ | ५ | ७९८० | ९५ | ९०६७८८ |
| ६ | १६० | १८०४६४५ | १५ | ११९७०० | १४ | १११७२० | २० | १५९६०० | १४ | १६७४५१ | २६ | १६५९८४ | २२ | ३४५८० | २७१ | २५६३६८० |
| **जम्मा** | **८९६** | **१०१०५२४१** | **४९** | **३९१०२०** | **१०९** | **८५६५२०** | **१२४** | **९७०६४२** | **५०** | **५९८३७१** | **१२५** | **७९१४०९** | **८२** | **१२७६८०** | **१४३५** | **१३८४०८८३** |